छाउला खेल्ने सामुदायिक वन उपभोक्ता समुह

मदाने गा.पा. ६, गुल्मी

# काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

प्रथम पटक सुचना प्रकाशन मितिः२०८३/०३/११

यस छाउला खेल्ने सामुदायिक बन उपभोक्ता समुह मदाने गा.पा. ६, गुल्मीको वन क्षेत्रबाट आ.व.२०८२/०८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय गुल्मीको संकलन सहमतिबाट कटान मुछान गरी घाटगद्दीमा राखिएका र डिभिजन वन कार्यालय गुल्मीबाट समुह बाहिर लिलाम बिक्रीको लागि सहमति प्राप्त भएका तपशिल बमोजिमको जात, थान र परिमाणको काठ जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ ।इच्छुक व्यक्ती, संङघ संस्था फर्म वा कम्पनीले यो सुचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन (विदा परेमा भोलिपल्ट) को कार्यालय समय भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपशिल</u>

१. वन पैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | | | प्रति ईकाई न्युनतम मुल्य रु | न्युनतम मुल्य रु | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | लट नं | जात | किसिम | ग्रेड | थान | परिमाण | | | |
| १ | १ | पाटेसल्ला | गोलिया | बी | ३४१६ | ६९३३.८३ | १००/- | ६,९३,३८३/- | ८,०४,९३०/- |
| २ | | चिलाउने | | - | १५३ | २५२.०९ | २००/- | ५०,४१८/- | |
| ३ | | मौवा | | - | २१ | ५२.७२ | १००/- | ५,२७२/- | |
| ४ | | म्याल | | - | ४ | ५.९९ | १००/- | ५९९/- | |
| जम्मा काठ | | | | | ३५९४ | ७२४४.६३ | | ७,४९,६७२/- | |
| मिश्रित दाउरा | | | | | | १ चट्टा | ४०००/- | ४०००/- | |
| कुल जम्मा | | | | | | | | ७,५३,६७२/- | |

२.बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३/०३/३१ गते कार्यालय समय भित्र (विदा परेमा सो को भोलिपल्ट)

(ख) दाखिला गर्ने अन्तिम मितिः२०८३/०३/३२ (विदा परेमा सो को भोलिपल्ट) कार्यालय समय भित्र

(ग) बोलपत्र खोलिने मितिः २०८३/०४/०१ दिनको २ बजे (विदा परेमा सो को भोलिपल्ट)

३.बोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने धरौटी रकम यस सामुदायिक वन उपभोक्ता समुहको कृषि विकास बैक लि. मा रहेको खाता न ०४२५४०५३१८७५०४१६ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्ने छ ।

४.बोलपत्र फारम प्रति लटको रु.१०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालय गुल्मीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५.लिलाम बढाबढ हुने काठ/दाउरा यस सामुदायिक वन उपभोक्ता समुहको मदाने गा.पा. ६, घोप्टेमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६.लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, दर्ता प्रमाणपत्रको प्रतिलिपी, गत आ.व.को कर चुक्ता प्रमाणपत्र र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सुचिकृत/अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७.निर्धारित न्युनतम संख्या र रीतपुर्वक पर्न आएका बोलपत्रहरु साक्षीहरुको रोहवरमा तोकिएको समयमा खोलिने छ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर, संकलन खर्च समुहको खातामा छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९.बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्ने छ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०.बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।